स्थानीय सरकार
अपिहिमाल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या २०८१-०८२

## आ.व.२०८१/०८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना।

(सूचना नं.१२७, सूचना प्रकाशित मितिः २०८२/०३/२६)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुले त्यस्तो पद धारणा गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था भएको तथा दर्ता हुन आएका सम्पत्ति विवरणलाई राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवयरमा अनलाईन प्रविष्टी गरी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा समेत बुझाउनुपर्ने भएकाले यस गाउँपालिकाका जनप्रतिनिधिहरु, स्थानीय सेवाका स्थायी / अस्थायी / करार / ज्यालादारीमा कार्यरत कर्मचारीहरु तथा अस्थायी / करार / राहत / अनुदान निजी शिक्षकहरुले आ.व.२०८१/०८२ को सम्पत्ति विवरण फाराम भरी खाम बाहिर तपसिलको विवरण उल्लेख गरी २०८२ श्रावण मसान्त भित्र यस कार्यालयमा पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ईन्द्र बहादुर रावल
प्रशासकीय अधिकृत

**तपसिलः-**

सम्पत्ति विवरणको खाम बाहिर लेख्ने विवरणः-

| कर्मचारीहरुको हकमाः- | जनप्रतिनिधिहरुको हकमाः- | शिक्षकहरुको हकमाः- |
|---|---|---|
| आ.व.२०८१/०८२ को सम्पत्ति विवरणः | आ.व.२०८१/०८२ को सम्पत्ति विवरणः | आ.व.२०८१/०८२ को सम्पत्ति विवरणः |
| कर्मचारीको संकेत नं. | नाम,थरः | नाम,थरः |
| नाम,थरः | पद/दर्जाः | पद/दर्जा |
| पद/दर्जाः | जिल्लाः | श्रेणीः |
| सेवा/समूहः | स्थानीय तहः | तहः |
| श्रेणी/तहः | वडा नं. | कार्यरत विद्यालयः |
| कार्यरत कार्यालयः | मोवाईल नं. | मोवाईल नं. |
| मोवाईल नं. | ई-मेल ठेगानाः | ई-मेल ठेगानाः |
| ई-मेल ठेगानाः | | |